नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०३-०७ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब स्थिर अवस्थामा रहेको तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असार-०७ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज कन्काई, पश्चिम राप्ती लगायतमा बहाब सामान्य रहने, कमला, बागमती, बबई र यसका सहायक नदीमा बहाब केहि बढ्ने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज प्रदेश १ को इलाम, झापा, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, बागमती प्रदेशको रसुवा, सिन्धुपाल्चोक, दोलखा, काठमाडौँ, काभ्रेपलाञ्चोक, सिन्धुली, लुम्बिनी प्रदेशको परासी, पाल्पा, रुपन्देही, कपिलबस्तु, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, कालिकोट, सुदूरपश्चिम प्रदेशको कैलाली, बैतडी, डोटी, अछाम, बाजुरा, बझाङ, दार्चुला र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केहि बढ्ने र केहिमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान भोलि: असार-०८ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- भोलि कन्काई, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य रहने, कमला, बागमती र यसका सहायक नदीमा बहाब केहि बढ्ने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- भोलि प्रदेश १, बागमती, गण्डकी प्रदेशको पहाडी तथा मध्यपहाडी, प्रदेश २, लुम्बिनी प्रदेशको चुरे र तराईको भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान पर्सी : असार-०९ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला, बागमती,पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य रहने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी प्रदेश १, बागमती र गण्डकी प्रदेशको मध्यपहाडी र चुरे भई बहने स-साना नदीमा बहाव केहि बढ्ने तथा सबैमा बहाब सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन देशका प्रमुख तथा मझौला नदी कनकाई, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली लगायतमा बहाब सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान रहेता पनि नदी तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाई राखौ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

**नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# Forecast References:

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
(जारी मिति:२०७८-०३-०७ बिहान ६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis)**

देशभर मनसुनी वायुको प्रभाव रहेको छ । हाल देशको दक्षिणी भू-भाग नजिक मनसुनी न्युन चापिय रेखा (monsoon trough) रहेको छ।

**हाल मौसमको अवस्था (Present Weather Status)**

देशभर सामान्य देखि पूर्णतया बदली रही देशका केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षा भईरहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

२०७८ असार ७ गते (सोमबार)

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, प्रदेश २ र लुम्बिनि प्रदेशका थोरै स्थानहरुमा मेघ गर्जन चट्याङ सहित भारी वर्षा साथै प्रदेश १ का एक/दुइ स्थानमा धैरै भारी वर्षा को सम्भावना छ ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश २ का एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना छ ।

२०७८ असार ८ गते (मंगलबार)

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र बाग्मति प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना छ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ ,बाग्मति प्रदेश, र सुदुर पश्चिम प्रदेशका एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना छ।

२०७८ असार ९ गते (बुधबार)

दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। सुदुर पश्चिम प्रदेश, लुम्बिनी प्रदेश, बाग्मति प्रदेश र प्रदेश नं १ का एक वा दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना छ।

राती: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धैरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं २, बाग्मति प्रदेश, गण्डकी प्रदेशका एक वा दुई स्थानमा र प्रदेश नं १ का थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours)**

देशका अधिकांश स्थानहरुमा हल्का देखि मध्यम वर्षाका साथै प्रदेश १, प्रदेश २, लुम्बिनि प्रदेशका थोरै स्थानहरुमा मेघ गर्जन चट्याङ सहित भारी वर्षा र प्रदेश १ का एक/दुइ स्थानमा धैरै भारी वर्षाको सम्भावना रहेकोले उक्त प्रदेशहरुको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (debris flow)को जोखिम रहेको, नदीनाला तथा खहरे खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउनु हुन सबैमा अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*

   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*

   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

*11) SouthAsia Flash Flood Guidance System (Nepal)*
*12) Other Global Flood Forecasts*
*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।